फानः ०५६-४१०१२२/४१०१११
इमेलः info@ichchhakamanamun.gov.com
वेबसाइटः ichchhakamanamun.gov.np

इच्छाकामना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

प.सं. २०८०/८१
च.नं.

मिति: २०८०/१२/१५

## उन्नत धान बीउमा कृषकहरुलाई अनुदान कार्यक्रम सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८०/१२/१५

प्रस्तुत विषयमा इच्छाकामना गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको चालु आ.व. २०८०/०८१ को संघीय सरकारबाट हस्तान्तरीत सशर्त अनुदान कार्यक्रम अन्तर्गत **खाद्यन्न बालीको उन्नत बीउ उपयोगमा अनुदान (धान, मकै) कार्यक्रम**बाट पचास प्रतिशत (५०%) अनुदानमा वर्षे धानको उन्नत बीउ वितरण हुने हुँदा इच्छुक कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति २०८०/१२/२९ गते भित्र) तोकिएको ढाँचा अनुसार सम्बन्धीत वडा कार्यालयमा निवेदन दिनुहुन ब्यहोरा अनुरोध छ।

तपशिल

| क्र.सं. | कार्यक्रमको नाम | कुल बजेट(रू) | लक्षित वर्ग | अनुदान प्रतिशत |
|---|---|---|---|---|
| १ | खाद्यन्न बालीको उन्नत बीउ उपयोगमा अनुदान (धान, मकै) कार्यक्रम | ८,००,०००/- | कृषक/ कृषि फार्म/ कृषक समूह/ कृषि सहकारी | ५०% |

संलग्न गर्नुपर्ने कागजातहरु

१. कार्यालयबाट उपलब्ध गराएको ढाँचामा निवेदन,

२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

३. समूहको हकमा – समूह दर्ता, बैठकको निर्णयको माइनुट

४. संस्थाको हकमा - संस्था दर्ता, स्थायी लेखा नम्बर र गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

..............................
(चन्द्रकान्त बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

मितिः.........................

श्रीमान् वडा अध्यक्ष ज्यू,

.......नं वडा कार्यालय,

इच्छाकामना गाउँकार्यपालिकाको कार्यालय, चितवन।

विषय: धानको बीउ माग सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा इच्छाकामना गाउँपालिका कार्यालयबाट मिति २०८०/१२/१५ गते प्रकाशित सूचना बमोजिम खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रमबाट ५० प्रतिशत अनुदानमा वितरण हुने वर्षे धानको बीउ उपलब्ध गराइदिनु हुन भनि तपसिलका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेका छौ/छु। मैले/ हामीले बीउ प्राप्त गरेमा निर्धारित प्रक्रिया अनुसार सम्बन्धित गाउँपालिका भित्रै रही कार्य गर्नेछु/गर्नेछौ।

स्वघोषणः यसै प्रकृतिका कार्यका लागि मैले/हामीले यस कार्यालय बाहेक अन्य संघ संस्थाबाट अनुदान लिएको छैन भनी स्वघोषण गर्दछु/गर्दछौ। झुठा ठहरेमा प्रचलित ऐन कानून बमोजिम सहनेछु/छौ।

तपशिल

क. धान मकै बीउको माग परिमाण

| क्र.सं. | कृषक/ कृषि फार्म/ कृषक समूह/ कृषि सहकारी | जात | जम्मा क्षेत्रफल(कठ्ठा) | आवश्यक बीउ परिमाण(केजी) | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| | जम्मा | | | | |

ख. संलग्न कागजात

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

२. समूहको हकमा – समूह दर्ता, बैठकको निर्णयको माइनुट

३. संस्थाको हकमा – संस्था दर्ता, स्थायी लेखा नम्बर र गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

निवेदकः...............................................

संस्थाको नामः.......................................

पदः....................................................

दस्तखतः.............................................

ठेगानाः...............................................

सम्पर्क नः.............................................